## पाठ ४९

१. कसको लागि बप्तिस्मा दिने यूहन्नाले यहूदीहरूको हृदय तयार पारिरहेका थिए ?
- येशू उद्धारकर्ताको निम्ति ।

२. बप्तिस्मा दिने यूहन्नाले कसरी यहूदीहरूको हृदय तयार पारिरहेका थिए ?
- तिनीहरूलाई परमेश्वरको वचन सिकाएर ।

३. बप्तिस्मा दिने यूहन्नाले येहूदीहरूलाई के सिकाए ?
- बप्तिस्मा दिने यूहन्नाले यहूदीहरूलाई तिनीहरूले पश्चात्ताप गर्नै पर्छ भनेर सिकाए ।

४. पश्चात्ताप गर्नु भन्नुको अर्थ के हो ?
- परमेश्वरको बारेमा हाम्रो सोचाइ परिवर्तन गर्नु हो, परमेश्वर पवित्र हुनुहुन्छ र उहाँको तरिकाद्वारा मात्रै उहाँलाई भेट्न सकिन्छ ।
- हाम्रो आफ्नो बारेमा सोचाइ परिवर्तन गर्नु हो, हामीले परमेश्वरको विरुद्धमा पाप गरेका छौं भनी स्वीकार गर्नु हो ।
- पापको बारेमा हाम्रो सोचाइ परिवर्तन गर्नु हो, सबै पापको सजाय परमेश्वरले आत्मिक मृत्यु दिनुहुन्छ भनेर बुझ्नु हो ।

५. बप्तिस्माको अर्थ के हो ?
- बप्तिस्मा भनेको एक तरिका हो जहाँ तपाईं पश्चात्ताप गर्नुहुन्छ र परमेश्वरले मात्रै तपाईंलाई बचाउन सक्नुहुन्छ भनेर विश्वास गर्नुहुन्छ ।

५. के बप्तिस्माले यहूदीहरूलाई पाप, मृत्यु र शैतानको शक्तिबाट बचाउन सक्षम थियो ?
- थिएन ।

६. के बप्तिस्मा कसैलाई पाप, मृत्यु र शैतानको शक्तिबाट बचाउन सक्षम छ ?
- छैन ।

७. कसले मात्रै हामीलाई पाप, मृत्यु र शैतानको शक्तिबाट बचाउन सक्नुहुन्छ ?
- उद्धारकर्ता येशूले ।

८. किन बप्तिस्मा दिने यूहन्नाले फरिसी र सदूकीहरूलाई सर्पका सन्तान भने ?
- किभने फरिसी र सदूकीहरू धेरै घमण्डी थिए ।
- किनभने फरिसी र सदूकीहरूले पश्चात्ताप गर्न इन्कार गरेका थिए ।

९. फरिसी र सदूकीहरू किन तिनीहरूसँग परमेश्वर खुशी हुनुहुन्छ भनी ठान्थे ?

- किभने तिनीहरू ठान्थे कि तिनीले गरेका कामले परमेश्वरलाई तिनीहरूप्रति खुशी बन्न बाध्य तुल्याउँछ ।

१०. के हामीले गरेको कुनै कामले परमेश्वरलाई हामीहरूप्रति खुशी बन्न बाध्य तुल्याउँछ ?
- तुल्याउँदैन ।

११. परमेश्वरलाई खुशी पार्ने एउटै काम के हो ?
- पापको निम्ति प्रायश्चित्त ।

१२. अरू के कुराले फरिसी र सदूकीहरूलाई लाग्थ्यो कि परमेश्वर तिनीहरूसँग खुशी हुनुहुन्छ ?
- फरिसी र सदूकीहरूलाई लाग्थ्यो कि तिनीहरू अब्राहामका दरसन्तानहरू हुन् त्यसैले परमेश्वर तिनीहरूसित खुशी हुनुहुन्छ ।

१३. के कसैको दरसन्तान हुँदैमा त्यही कुराले परमेश्वरलाई खुशी तुल्याउँछ ?
- तुल्याउँदैन ।

१४. सबै घमण्डी र पश्चात्ताप गर्न इन्कार गर्नेहरूलाई बप्तिस्मा दिने यूहन्नाले के भने ?
- परमेश्वरले तिनीहरूलाई खराब रूखलाई जस्तै काटेर निकाल्नुहुनेछ र तिनीहरूलाई अन्नत अग्निको दहमा फ्याँक्नुहुनेछ ।

१५. उहाँ यस धर्तिमा हुनुभएको बेलमा येशूलाई कसले अगुवाइ गरिरहनुभएको थियो ?
- पवित्र आत्मा परमेश्वरले ।

१६. जब येशूको बप्तिस्मा भयो पिता परमेश्वरले येशूको बारेमा के कुरा भन्नुभयो ?
- पिता परमेश्वरले उहाँ येशूसँग पूर्णरूपले खुशी छु भन्नुभयो ।

१७. किन बप्तिस्मा दिने यूहन्नाले येशूलाई परमेश्वरका थुमा भने ?
- जसरी परमेश्वरले इसहाकको साटोमा मारिनको लागि भेडो दिनुभयो त्यसैगरी परमेश्वरले सबै मानिसको निम्ति मारिनको लागि येशू दिनुभयो ।

- बप्तिस्मा दिने यूहन्नाले येशूलाई बप्तिस्मा दिइसकेपछि पवित्र आत्मा परमेश्वरले उहाँलाई मरुभूमिमा लिनुभयो ।

आउनुस् मत्ती ४:१ पद पढौं ।

यसपछि आत्माले येशूलाई मरुभूमिमा लगेर गयो। दुष्टात्माद्वारा परीक्षा गर्नको निम्ति त्यहाँ लगिएको थियो।

- उहाँ मरुभूमिमा भएको बेलामा के घटना घट्यो ?
- शैतानले उहाँलाई परीक्षामा पाऱ्यो ।

- शैतान परिवर्तन हुँदैन ।
- शैतानमा आदिदेखि नै दुष्ट्टयाँइ छ ।

- जसरी शैतानले आदम र हव्वालाई परीक्षामा पारेको थियो त्यसरी नै शैतानले अहिले येशूलाई परीक्षामा पारिरहेको थियो ।

- शैतानले किन येशूलाई परीक्षामा पाऱ्यो ।
- किनभने शैतान येशूले पाप गरेको हेर्न चाहन्थ्यो ।

- शैतान किन येशूले पाप गरेको हेर्न चाहन्थ्यो ?
- किनभने शैतान येशूले हामीलाई बचाएको चाहदैनथ्यो ।

- यदि येशूले पाप गर्नुभएको हुन्थ्यो भने के उहाँ हामीलाई बचाउन सक्षम हुनुहुन्थ्यो ?
- हुनुहुन्नथ्यो ।

- यदि येशूले पाप गर्नुभएको हुन्थ्यो भने उहाँ हामीलाई पाप, मृत्यु र शैतानको शक्तिबाट बचाउन सक्षम हुनुहुन्नथ्यो ।

- शैतानले येशूलाई परीक्षामा पाऱ्यो किनकि ऊ उद्धारकर्ता परमेश्वरलाई पराजित गर्न चाहन्थ्यो ।

- शैतानले येशूलाई परीक्षामा पाऱ्यो किनकि ऊ येशूलाई आफ्नो दास तुल्याउन चाहन्थ्यो ।

- येशू मरुभूमिमा हुनुहुन्थ्यो र ४० दिनसम्म उपवास बस्नुभयो ।

आउनुस् मत्ती ४:२ पद पढौं ।

2 चालीस दिन र चालीस रात येशूले केही खानु भएन। यसपछि उहाँ भोकाउनु भयो।

- यद्यपि येशू पूर्णरूपले परमेश्वर हुनुहुन्थ्यो तर पनि उहाँ पूर्णरूपले मानव पनि हुनुहुन्थ्यो ।

- त्यसैकारणले हो येशू भोकाउनुभएको ।

- शैतानले येशूलाई दिएको पहिलो प्रलोभन के थियो ?

आउनुस् मत्ती ४:३ पद पढौं ।

3 शैतान येशू कहाँ परीक्षा गर्नलाई आयो र भन्यो, "यदि तपाईं परमेश्वरका पुत्र हुनूहुन्छ भने यी ढुङ्गाहरू रोटी होऊन् भनी आज्ञा दिनुहोस्।"

- शैतानले येशूलाई भन्यो "यदि तिमी परमेश्वरका छोरा हौ भने ।"

- के शैतानलाई येशू परमेश्वरका छोरा हुनुहुन्छ भन्ने थाहा थिएन र ?
- थियो ।

- त्यसोभए शैतान किन येशूलाई यदि तिमी परमेश्वरका छोरा हौ भने भन्यो त ?

- शैतानले येशूलाई परीक्षामा पारिरहेको थियो ताकि उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भनी प्रमाणित होस् ।

- शैतानले येशूलाई परीक्षामा पारिरहेका थियो ताकि उहाँले पिता परमेश्वरले गर्न नभन्नुभएको कुनै काम गर्नुहोस् ।

- शैतानले येशूलाई परीक्षामा पारिरहेको थियो ताकि येशूले पिता परमेश्वरबाट अलग्ग भएर पत्थरलाई रोटीमा परिणत गर्नुहोस् ।

- के येशू पत्थरलाई रोटीमा परिणत गर्न सक्नुहुन्थ्यो ?
- सक्नुहुन्थ्यो ।
- येशू परमेश्वर हुनुहुन्थ्यो ।
- येशू सबै थोक गर्न सक्नुहुन्थ्यो ।

- येशूले शैतानलाई के जवाफ दिनुभयो ?

आउनुस् मत्ती ४:४ पद पढौं ।

4 जवाफमा येशूले भन्नुभयो, "धर्मशास्त्रमा यस्तो लेखिएकोछ, 'मानिस रोटी खाएर मात्र बाँच्दैन। परमेश्वरको मुखबाट निस्केको हरेक वचनले बाँच्दछ।'"

- शैतानलाई जवाफ दिन येशूले के गर्नुभयो ?

- येशूले परमेश्वरको पुस्तक बाइबलमा लेखिएको कुरा दोहोर्‍याएर शैतानलाई भन्नुभयो ।

- येशूले शैतानलाई के कुराचाहिँ रोटी भन्दा महत्वपूर्ण छ भन्नुभयो ?

- येशूले शैतानलाई परमेश्वरको वचनमा विश्वास गर्न रोटी भन्दा महत्वपूर्ण छ भन्नुभयो ।

- के येशूले हामीलाई खानुपर्दैन भन्नुभयो ?
- भन्नुभएन ।

- येशूलाई हामीले बाँच्नको लागि खानुपर्छ भन्ने पक्का थाहा थियो ।
- येशूले नै सबै मानिसहरूको निम्ति खाना बनाउनुभएको हो ।

- येशूले शैतानलाई साँचो जीवन परमेश्वरको वचनबाट आउँछ भनिरहनुभएको थियो ।
- यद्यपि येशू भोकाउनुभएको थियो तर पनि उहाँले किन पत्थरलाई रोटीमा परिणत गर्नुभएन ?

- किनभने पिता परमेश्वरले उहाँलाई यसो गर्न भन्नुभएन ।

- येशूले शैतानको आज्ञा पालन गर्नु हुदैनथ्यो ।
- येशूले केवल परमेश्वरको आज्ञा पालन गर्नुपर्थ्यो ।

- येशूलाई परीक्षामा पार्न शैतानले प्रयोग गरेको दोस्रो कुरा के थियो ?

आउनुस् मत्ती ४:५-६ पद पढौं ।

5 त्यसपछि शैतानले येशूलाई पवित्र शहर यरूशलेममा लग्यो। त्यो दुष्टात्माले येशूलाई मन्दिरको
गजूरमाथि राख्यो। 6 शैतानले भन्यो, "यदि तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने, यहाँबाट तल हाम
फाल्नुहोस्। किनभने धर्मशास्त्रमा यस्तो लेखिएको छ, 'परमेश्वरले तपाईंको निम्ति स्वर्गदूतहरूलाई
खटाउनु हुनेछ, अनि तिनीहरूले तपाईंलाई हात-हातमा उचाल्नेछन्,
जसद्वारा, तपाईंको खुट्टाहरू ढुङ्गामा बजारिने छैनन्।"

- शैतानले येशूलाई जेरुशेलमको मन्दिरको टुप्पामा लग्यो र येशूलाई त्यहाँबाट फाल हाल्न भन्यो ।

- शैतानले येशूलाई जेरुशेलम मन्दिरको टुप्पामा लग्यो र फाल हाल्न भन्यो किनभने परमेश्वरको पुस्तक बाइबलमा पिता परमेश्वरले येशूको रक्षा गर्नुहुनेछ भन्ने लेखिएको छ ।

- के शैतानलाई परमेश्वरको पुस्तक बाइबलमा के लेखिएको छ भन्ने थाहा थियो ?
- थियो ।
- शैतानलाई परमेश्वरको पुस्तक बाइबलमा के लेखिएको छ भन्ने कुरा थाहा छ ।

- तर शैतानले परमेश्वरको वचनबाट के गर्छ ?

- शैतान परमेश्वरको वचनलाई बङ्ग्याउँछ र मानिसलाई पासोमा पार्छ ।

- हव्वालाई पासोमा पार्न शैतानले कसरी परमेश्वरको वचन बङ्ग्यायो ?

- शैतानले हव्वालाई परमेश्वरले नखान भन्नुभएको फल खाएमा तिनी मर्ने छैनन् भनेर हव्वालाई फुस्लायो ।

- शैतानले येशूलाई पासोमा पार्नलाई परमेश्वरको वचन बङ्गायो ।

- शैतानले येशूलाई पिता परमेश्वरले जे नगर्न भन्नुभएको थियो त्यही गर्न लगाएर परीक्षामा पार्‍यो ।

- शैतानले येशूलाई पिता परमेश्वरबाट अलग भएर उहाँले नगर्नु भन्नुभएको मन्दिरबाट फाल हाल्ने काम गर्न लगायो ।

- येशूले शैतानलाई के जवाफ दिनुभयो ।

आउनुस् मत्ती ४:७ पद पढौं ।

7 येशूले जवाफ दिनुभयो, "धर्मशास्त्रमा यस्तो पनि लेखिएको छ, 'तैंले परमप्रभु आफ्नो परमेश्वरलाई परीक्षा नगर्नु।"

- शैतानलाई जवाफ दिन येशूले के गर्नुभयो ?

- येशूले शैतानलाई जवाफ दिदाँ परमेश्वरको पुस्तक बाइबलमा लेखिएको वचन दोहोऱ्याउनुभयो ।

- येशूले शैतानलाई भन्नुभयो हामीले आफ्ना पिता परमेश्वरको परीक्षा गर्नु हुँदैन ।

- हामीले किन पिता परमेश्वरलाई परीक्षामा पार्नु हुँदैन ।

- किनभने परमेश्वरले सधैं सत्य बोल्नु हुन्छ ।
- किनभने परमेश्वरले कहिल्यै झूठो बोल्नुहुँदैन ।

- येशूले किन मन्दिरबाट फाल हाल्नु भएन ?

- किनभने पिता परमेश्वरले येशूलाई त्यसो गर्न भन्नुभएन ।

- येशूले शैतानको आज्ञा पालन गर्नु हुँदैनथ्यो ।
- येशूले केवल पिता परमेश्वरको मात्रै आज्ञा पालन गर्नुपर्थ्यो ।

- शैतानले येशूलाई दिएको तेस्रो परीक्षा के थियो ?

आउनुस् मत्ती ४:८-९ पद पढौं ।

8 त्यसपछि शैतानले येशूलाई एउटा अति अल्गो पर्वतमा पुर्यायो। उसले येशूलाई संसारका सबै
राज्यहरू, त्यहाँ भएका वैभव देखायो। 9 शैतानले भन्यो, "यदि तपाईंले घोप्टो परेर मलाई दण्डवत्
गर्नुभयो भने, यी सब थोक म तपाईंलाई दिनेछु।"

- शैतानले येशूलाई अग्लो पहाडमा लग्यो र त्यहाँबाट येशूलाई संसारका सबै राज्य र तिनको प्रताप देखायो ।

- शैतानले येशूलाई भन्यो यदि येशूले शैतानको आराधना गर्नुभयो भने उसले उहाँलाई संसारका सबै राज्य उहाँको हातमा सुम्पिदिनेछ ।

- के शैतानले येशूलाई संसारका सबै राज्यको नियन्त्रण दिनु सम्भव थियो ?
- थियो ।

- शैतानले येशूलाई संसारका सबै राज्यको नियन्त्रण दिनु कसरी सम्भव थियो ?

- किनभने आदमले शैतानले भनेको मान्यो, शैतान आदम र अरू मानिसहरूको मालिक बन्यो ।

- किनभने आदमले शैतानले भनेको माने, शैतान आदमको मालिक बन्यो, सबै मानिसको मालिक बन्यो र सारा संसारको मालिक बन्यो ।

- के येशूले शैतानको पूजा गर्नुभयो ?
- गर्नुभएन ।

- येशूले शैतानलाई के जवाफ दिनुभयो ?

आउनुस् मत्ति ४:१० पद पढौं ।

10 येशूले शैतानलाई भनुभयो, "म देखि टाढा भइहाल, शैतान! धर्मशास्त्रमा यस्तो लेखिएको छ,

'तैंले परमप्रभु आफ्नो परमेश्वरलाई दण्डवत् गर्नु पर्छ। अनि उहाँकै मात्र सेवा गर्नु पर्छ।"

- शैतानलाई जवाफ दिन येशूले गर्नुभयो ?

- येशूले शैतानलाई जवाफ दिन धर्मशास्त्रबाट दोहोऱ्याएर जवाफ दिनुभयो ।

- येशूले केवल परमेश्वरको मात्रै हामीले आराधना गर्नुपर्छ भन्नुभयो ।

- येशू कसरी शैतानको जालबाट मुक्त हुनुभयो ?
- परमेश्वरको वचनद्वारा ।

- के येशूले परमेश्वरको वचनलाई बङ्ग्याउनुभयो ?
- बङ्ग्याउनुभएन ।

- येशूले परमश्वरको वचन परमेश्वरको पुस्तक बाइबलमा जस्तो लेखिएको छ त्यस्तै भन्नुभयो ।

- आदिमा शैतान परमेश्वरको मालिक बन्न खोज्यो तर सकेन ।

- त्यसपछि शैतानले आदम र हव्वालाई छल गऱ्यो ताकि तिनी परमेश्वरबाट अलग्ग होऊन् ।

- किनभने आदम र हव्वाले शैतानको कुरा माने त्यसैले शैतान आदम र हव्वा र अरू सबै मानिसहरूको स्वामी बन्यो ।

- अहिले शैतानले येशूको स्वामी बन्ने कोशिस गऱ्यो तर सकेन ।

- ठूलो को हो, शैतान या येशू ।
- येशू ।

- येशू शैतान भन्दा किन ठूलो हुनुहुन्छ ?

- किनभने येशू परमेश्वर हुनहुन्छ ।
- किनभने येशूले नै आदिमा लुसिफरलाई सिद्ध रूपमा सृष्टि गर्नुभएको थियो ।

- येशूले लुसिफरलाई सिद्ध रूपमा सृष्टि गर्नुभएको थियो तर उसले पाप गऱ्यो र शैतान बन्यो ।

- भविष्यमा येशूले शैतान र उसका सहयोगी शैतानहरूलाई के गर्नुहुनेछ ?

- येशूले शैतान र यसका सहयोगी शैतानहरूलाई अनन्त अग्निको दहमा फ्याँक्नुहुनेछ ।

- येशूले शैतानलाई पराजित गरिसकेपछि शैतानले उहाँलाई छोडेर गयो ।

आउनुस् मत्ती ४:११ पद पढौं ।

11 त्यसपछि शैतानले येशूलाई छोडिदियो। त्यसपछि केही स्वर्गदूतहरू येशूकहाँ आएर उहाँको सेवा-टहल गरे।

- शैतानले येशूलाई छोडेर गयो र पिता परमेश्वरले येशूको सहयोगको निम्ति स्वर्गदूतहरू पठाउनुभयो ।

- यद्‌यपि शैतानले येशूलाई केही समयका लागि छोडेर गयो तर ऊ येशूलाई परीक्षामा पार्न फेरि आउनेवाला थियो ।